नपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, इलाम

फोन नं.- ०२७-५२३८०८
इमेलः- pmamp.piu.ilam@gmail.com

मिति २०८३/०५/०१
नेपाल सम्बत ११४६

सूचना नं.-०३/०८३-०८४

**विषयः- कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशन मितिः- २०८३/०५/०१ गते**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, इलामको चालु आ.ब.०८३-०८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** संचालन गर्न स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१ औ दिन भित्र (अर्थात मिति २०८३/०५/२१ गते भित्र) वा सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट कार्यालय समय भित्र यस कार्यक्रम कार्यान्वयन एकाइमा अनुसूची -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची -३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/ वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | १६ देखि ४० वर्ष उमेर समूह भित्रका युवा कृषक वा कृषक उद्यमी | जिल्लाभरी | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कुल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिनेछ । |

**निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः-**

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव ।

२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।

३. कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित रचना निर्माण तर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि) ।

४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.ब.०८२-०८३ सम्मको कर चुक्ता गरेकोविवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु ।

५. स्थायी लेखा नम्बर(PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

६. समूह/ सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र ।

**नोटः कार्यक्रम निर्देशिका तथा अनुसूची २ र ३ को लागि कार्यक्रम कार्यान्वयन एकाइमा सम्पर्क गर्नहुन वा यस एकाइको वेभसाइट www.piuilam.pmamp.gov.np मा हेर्नहुन साथै कार्यक्रम सम्बन्धमा जानकारी लिन आवश्यक भएमा देहायका कर्मचारीहरुसँग सम्पर्क गर्न हुन अनुरोध छ।**

**तिर्थराज खतिवडा- ९८५२६८५६९०, शारदा तामाङ्ग -९८६२६६२२१२, झलनाथ खतिवडा- ९८४२४२२५५२, निशा कटुवाल- ९८४०२७२९४४**

.................................
डा. हेमचन्द्र कुमार जैसवार
वरिष्ठ पशु विकास अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"

(क) कृषि क्षेत्रमा युवाको आकर्षण वृद्धि गरी कृषि उद्यम र उद्यमीहरुको विकास गर्ने।

(ख) कृषि तथा पशुपन्छीमा आधारित साना तथा मझौला खालका उद्यम (small and medium scale enterprises) मार्फत रोजगारीका अवसर सिर्जना गर्न सहयोग गर्ने।

(ग) कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन तथा उद्योगका क्षेत्रमा प्रयोग हुने श्रमको उत्पादकत्व (labor productivity) वृद्धि गर्न सहयोग गर्ने।

(घ) कृषि क्षेत्रमा नवप्रवर्तन (innovation) तथा नवीनतम (innovative) प्रविधिहरुको उपयोग र प्रवर्द्धनलाई बढावा दिने।

(ङ) वैदेशिक रोजगारीबाट फर्केका, कृषि विषय अध्ययन गरेका, महिला तथा युवालाई कृषि तथा पशुपन्छीजन्य व्यवसाय/ उद्यम गर्न अभिप्रेरित गर्ने।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन हुने क्षेत्र र लक्षित वर्ग

४. कार्यक्रम सञ्चालन हुने बाली/ वस्तु तथा मूल्य-शृङ्खलाका क्षेत्र : यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका बाली/ वस्तु तथा मूल्य-शृङ्खला क्षेत्रहरुमा सञ्चालन गरिनेछः-

(क) तरकारीको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,

(ख) तरकारीको बीउ- बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,

(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन,

(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,

(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण,

(ञ) बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु- कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय,

(ट) फलफूल प्रशोधन र बजारीकरण,

(ठ) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन,

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन,

(ण) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,

(त) प्राङ्गारिक कृषि बस्तु निर्यात,

(थ) व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन,

(द) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।



सचिव